सुदूरपश्चिम प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
धनगढी, कैलाली, नेपाल

## लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण सम्बन्धी सार्वजनिक सूचना

उपर्युक्त सम्बन्धमा लोककल्याणकारी विज्ञापन प्रकाशन तथा वितरण कार्यविधि, २०७९ अनुरुप आन्तरिक मामिला तथा कानुन मन्त्रालयले उपलब्ध गराउने सचेतनामूलक, जानकारीमूलक तथा सार्वजनिक हित सम्बन्धी लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारणका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र विज्ञापन प्रकाशन तथा प्रसारण गर्न इच्छुक सञ्चार माध्यमले लोककल्याणकारी विज्ञापन प्रकाशन तथा वितरण कार्यविधि, २०७९ को अनुसूची १ बमोजिमको ढाँचामा निवेदन सहित देहाय बमोजिमका कागजात संलग्न गरी आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ।

देहायः

(क) प्रचलित कानुनबमोजिम संस्था तथा सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि।

(ख) प्रचलित कानुनबमोजिम लिएको इजाजतपत्र र अनुमतिपत्र नवीकरण गरेको प्रमाणको प्रतिलिपि।

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

(घ) अनलाइनको हकमा सूचना बिभागबाट दर्ता र नविकरणको प्रमाण पत्र, पत्रिकाको हकमा अन्तिम पटक प्रकाशन भएको पत्रिका र रेडियोको हकमा हुलाकबाट नियमित प्रशारण रहेको पत्र।

(ङ) अन्य व्यक्ति पठाएको अवस्थामा सञ्चार माध्यमले सम्झौता गर्न अख्तियारी दिएको कागज ।

.................
शाखा अधिकृत
दिपेन्द्र सिंह बिष्ट
**शाखा अधिकृत**

## अनुसूची-१
(दफा ४ को उपदफा (१) सँग सम्वन्धित)

**सञ्चार माध्यमले लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारणका लागि दिने निवेदनको ढाँचा**

श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय,
सुचना तथा सञ्चार समन्वय शाखा,
धनगढी, कैलाली

प्रचलित कानुनको अधीनमा रही मन्त्रालयमार्फत् सञ्चार माध्यमबाट लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गर्न देहायको विवरण सहित स्वीकृतिको लागि यो निवेदन पेस गरेको छु।

(१) संस्थाको नामः
(२) सञ्चार माध्यमको नाम (कलसाइन),
(३) ठेगानाः
(४) सञ्चालन भएको स्थानः
(५) सम्पर्क नम्बरः
(६) प्रसारण संस्थाको प्रकारः (क) पत्रपत्रिका (ख) रेडियो/एफ.एम. रेडियो (ग) टेलिभिजन (घ) अनलाइन पत्रिका
(७) पत्रपत्रिकाको प्रकारः (क) दैनिक (ख) साप्ताहिक (ग) पाक्षिक (घ) मासिक
(८) रेडियोको क्षमता (वाट):
(९) टेलिभिजनको प्रकारः (क) भू-सतही (ख) भू-उपग्रह (ग) केबल

<u>संलग्न कागजातहरू-</u>

(क) संस्था तथा सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ख) इजाजतपत्र र अनुमतिपत्र नवीकरण गरेको प्रमाण,
(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(घ) अनलाइनको हकमा सूचना विभागबाट दर्ता र नविकरणको प्रमाण पत्र, पत्रिकाको हकमा अन्तिम पटक प्रकाशन भएको पत्रिका र रेडियोको हकमा हुलाकबाट नियमित प्रशारण रहेको पत्र,
(ङ) अन्य व्यक्ति पठाएको अवस्थामा सञ्चार माध्यमले सम्झौता गर्न अख्तियारी दिएको कागज।

हस्ताक्षरः
नामः
पदः
ठेगानाः
फोन नं.
इमेलः
संस्थाको छाप